| | | |
|---|---|---|
| रु १० को टिकट | अनुसूची -१<br>(दफा ३ को उपदफा (१) सँग सम्बन्धित)<br>**अनलाइन सञ्चारमाध्यम दर्ता गर्नका लागि** | प्रस्ट मुखाकृति देखिने फोटो/फोटोमा पर्नेगरी हस्ताक्षर |

## <u>दरखास्त</u>

श्रीमान् महानिर्देशकज्यू,
सूचना तथा प्रसारण विभाग,
सञ्चारग्राम, काठमाडौं ।

निम्न विवरणको अनलाइन सञ्चारमाध्यम मार्फत अनलाइन पत्रकारिता गर्न अनुमतिको लागि निम्न विवरणहरू खुलाई दुई प्रति फोटो र रु १०/- को टिकट टाँसी यो दरखास्त पेश गरेको छु/छौंः-

१. अनलाइन सञ्चारमाध्यम/अनलाइन पत्रिका विवरणः

   (क) नामः-

   (ख) मेन डोमेनः-

   (ग) भाषाः-

२. कार्यालय रहने स्थानः-

३. सञ्चालकहरूको नाम, थर, ठेगाना र सम्पर्क फोन नं.

४. सम्पादकको नाम, थर, ठेगाना र सम्पर्क फोन नं.

५. स्थयी लेखा नं./मूल्य अभिवृद्धि कर नं.

६. ईमेल :-

७. अन्य विवरण :-

दरखास्तवालाकोः
सही :-
नामथर :-
ठेगाना :-
सम्पर्क नं.:-

मैले मेरो अनलाइन सञ्चारमाध्यमको वेबसाइटको होमपेजमा सूचना तथा प्रसारण विभागबाट प्राप्त दर्ता नं., सञ्चालकको नामथर, ठेगाना र फोन नं., सम्पादकको नामथर, ठेगाना र फोन नं. स्पष्ट रुपमा देखिने गरी राखेछु ।

हस्ताक्षरः

सञ्चालकको नामः

कम्पनिको छापः

# आवश्यक कागजातहरु

**अनलाइन सञ्चारमाध्यम सञ्चालन निर्देशिका, २०७३**
**प्रेस प्रतिनिधि -प्रमाणपत्र तथा परिचयपत्र वितरण) कार्यविधि, २०७१** मा उल्लेख भएका व्यवस्था, नेपाल सरकारद्वारा विभिन्न मितिमा प्रकाशित **नेपाल राजपत्रको सूचना, अन्य निर्णय, परिपत्र तथा मन्त्रालयबाट प्राप्त निर्देशन**अनुसार-

**<u>अनलाइन दर्ताका लागि आवश्यक कागजात तथा प्रक्रियाहरु</u>**

१. **अनलाइन सञ्चारमाध्यम मार्फत अनलाइन पत्रकारिता सञ्चालन गर्न चाहने व्यक्ति वा संस्थाले अनलाइन दर्ताको लागि निवेदन दिँदा देहायका कागजात संलग्न गर्नु पर्नेछ :**

| क्र.सं. | आवश्यक कागजात | छ | छैन | कैफियत |
|---|---|---|---|---|
| १ | रीतपूर्वक भरिएको अनुसूची फाराम, | | | |
| २ | रितपुर्वक भरिएको अनुसूची फारम, र सञ्चालकको ३ प्रति अटो/पासपोर्ट साइजको फोटो | | | |
| ३ | अनलाईन सञ्चारमाध्यम दर्ता गरि पाउँ भनि सूचना तथा प्रसारण विभागलाई सम्बोधन गरिएको निवेदन | | | |
| ४ | **संस्था/कम्पनी दर्ता प्रमाणपत्रको प्रतिलिपि, प्रबन्धपत्र तथा नियमावलीको प्रतिलिपि**,<br><br>प्रबन्धपत्रको उद्देश्यमा अनलाइन सञ्चारमाध्यम /मिडिया सञ्चालन गर्ने हुनु पर्ने । (प्रा.लि./संस्था दर्ता भएको एक आर्थिक वर्ष नाघेकाहरुको हकमा करचुक्ता, कम्पनी अध्यावधिक पत्र, र लेखापरीक्षण प्रतिवेदनको प्रतिलिपि संलग्न राख्नुपर्ने छ ।)<br><br>• **पत्रिकाको हकमाः** अनलाइन सञ्चारमाध्यम संचालन गर्न पत्रिकाको स्थायी दर्ता प्रमाणपत्र र जिल्ला प्रशासन कार्यालयबाट अनलाइन सञ्चारमाध्यम सञ्चालन गर्न दिएको **सिफारिस** पत्र । | | | अनलाइन सञ्चारमाध्यम सञ्चालन निर्देशिका, २०७३ को दफा २, ३, ४ र ५ |
| ५ | संस्था/कम्पनीका सञ्चालकहरुको नागरिकता प्रमाणपत्रको प्रतिलिपि । | | | |
| ६ | **संस्था/कम्पनीको सञ्चालक समितिको बैठकको निर्णयको प्रतिलिपि निर्णयहरुः**<br>क. अनलाइन सञ्चारमाध्यम सञ्चालन गर्ने,<br>ख. सञ्चालक र सम्पादक नियुक्त गर्ने,<br>(संस्था/कम्पनीको सञ्चालकहरुमध्येबाट एकजनालाई अनलाइनको सञ्चालक तोकिएको हुनुपर्ने ।)<br>ग. सूचना तथा प्रसारण विभागमा दर्ता गर्ने र प्रेस काउन्सिल नेपालमा सूचीकरण गर्ने । | | | |

| | | | | |
|---|---|---|---|---|
| ७ | **सम्पादकको योग्यताः**<br><br>सम्पादकलाई दिइएको नियुक्तिपत्रको प्रतिलिपि, मान्यता प्राप्त विश्वविद्यालयबाट स्नातक वा सो सरह उत्तीर्ण गरेको शैक्षिक योग्यताको ट्रान्सक्रिप्ट र चारित्रिक प्रमाणपत्रको प्रतिलिपि वा, यस विभागबाट सम्पादक भनि प्रमाणित गरिएको पत्रको प्रतिलिपि । | | | |
| ८ | **स्थायी लेखा नम्बर/मूल्यअभिवृद्धि कर प्रमाणपत्रको प्रतिलिपीः** अनलाइन पत्रकारिता<br><br>व्यवसायका कारोबारहरुमा छपाई वा विद्युतीयस्वरुप, इन्टरनेटसमेतबाट प्रकाशन (कोड नं. ५८१३-०३) उल्लेख भएको हुनु पर्ने । | | | |
| ९ | **Public Domain Details (whois.com/godaddy.com) को प्रतिलिपिः**<br>क. सम्बन्धित अनलाइन सञ्चारमाध्यमको डोमेन अध्यावधिक भएको हुनु पर्ने ।<br>ख. डोमेनको **Registrant** र **Administrative Contact** मा **Name:** अनलाइन सञ्चारमाध्यमको सञ्चालकको नाम **Organization Name:** सम्बन्धित कम्पनी वा संस्थाको नाम, सम्पर्क ठेगाना फोन नम्बर र इमेल लगायत उल्लेख भएको हुनुपर्ने । | | | अनलाइन सञ्चारमाध्यम सञ्चालन निर्देशिका, २०७३ को दफा ९ |
| १० | प्रेस काउन्सिलमा सूचीकरण भएको प्रमाणको प्रतिलिपि । | | | |
| ११ | दरबन्दी, श्रमजीवी विवरण (श्रमजीवी पत्रकार सम्बन्धी ऐन, २०५१ बमोजिम कम्तिमा तीन जना श्रमजीवी पत्रकार, कर्मचारी वा कामदार कायम हुनुपर्ने) । | | | अनलाइन सञ्चारमाध्यम सञ्चालन निर्देशिका, २०७३ को दफा २ (ख) |
| १२ | सम्बन्धित सञ्चार प्रतिष्ठानले श्रमजीवी पत्रकार कामदार/कर्मचारीहरुलाई बैङ्किङ प्रणाली मार्फत पारिश्रमिक भुक्तानी गरेको प्रमाणित प्रतिलिपि । **(पाँच जना वा सो भन्दा कम कर्मचारी भएका अनलाइन सञ्चारमाध्यमहरुको हकमा प्रतिवद्धता पत्र र कर्मचारीहरुको खाता विवरण समावेश गर्नु पर्ने ।)** | | | अनलाइन सञ्चारमाध्यम सञ्चालन निर्देशिका, २०७३ को दफा १२ |

***नोटः** अनलाइन दर्ताका लागी संचालक सक्कल कागजातसाथै स्वयम उपस्थित हुनुपर्नेछ ।*

*१. अनलाइन दर्ता र नवीकरण सम्बन्धी कामको लागि आईतबार-बिहिबारसम्म दिउँसो ३:०० बजेसम्म र शुक्रबार दिउँसो १:३० बजेसम्म कागजात पेश गरी सक्नुपर्ने छ ।*